आज मिति २०८० असार ०७ गते बिहिबारका दिन बागचौर नगरपालिका सल्यानका नगर प्रमुख श्री जनकराज गौतमज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बस्यो । बैठकको उपस्थिति र निर्णय देहाय बमोजिम छ :-

उपस्थिति

| | | |
|---|---|---|
| श्री जनकराज गौतम | नगर प्रमुख | |
| श्री सुम्निमा डि.सि. वली | उप-प्रमुख | |
| श्री गंगाराम बस्नेत | १ नं. वडा अध्यक्ष | |
| श्री दिपेश डि.सी | २ नं. वडा अध्यक्ष | |
| श्री भीम प्रकाश भण्डारी | ३ नं. वडा अध्यक्ष | |
| श्री कृष्ण बहादुर बस्नेत | ४ नं. वडा अध्यक्ष | |
| श्री जोगेन्द्र वली | ५ नं. वडा अध्यक्ष | |
| श्री ज्ञान बहादुर वली | ६ नं. वडा अध्यक्ष | |
| श्री प्रेम बहादुर डि.सी. | ७ नं. वडा अध्यक्ष | |
| श्री शुसिल जंग चन्द | ८ नं. वडा अध्यक्ष | |
| श्री यज्ञ बहादुर डाँगी | ९ नं. वडा अध्यक्ष | |
| श्री ज्ञान प्रसास शर्मा धिताल | १० नं. वडा अध्यक्ष | |
| श्री केश बहादुर भण्डारी | ११ नं. वडा अध्यक्ष | |
| श्री टीकाराम वली | १२ नं. वडा अध्यक्ष | |
| श्री रोजी बुढाथोकी | कार्यपालिका सदस्य | |
| श्री ढाँका कुमारी वली डि.सी. | कार्यपालिका सदस्य | |
| श्री रीता दमाई | कार्यपालिका सदस्य | |
| श्री सीता शर्मा | कार्यपालिका सदस्य | |
| श्री रेखा कुमारी डाँगी खत्री | कार्यपालिका सदस्य | |
| श्री दिपक बि.क. | कार्यपालिका सदस्य | |
| श्री रेशम बि.क. | कार्यपालिका सदस्य | |
| श्री टिकाराम बि.क. | कार्यपालिका सदस्य | |
| श्री अनन्त कुमार गौतम | प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

आमन्त्रित

| | |
|---|---|
| श्री तिर्थराज डाँगी | सूचना प्रविधि अधिकृत |
| श्री प्रदिप डि.सी | लेखापाल |

कार्यपालिका बैठक नं. १४ मिति २०८०।०३।०७ ( आ.व. २०७९।०८०)

**प्रस्तावहरु:**

१) आर्थिक वर्ष २०८०।०८१ को नीति तथा कार्यक्रम सम्बन्धमा ।

२) बागचौर नगरपालिका नगर शिक्षा नियमावली २०८० सम्बन्धमा ।

३) नगर अनुदान शिक्षक व्यवस्थापन कार्यविधी २०८० सम्बन्धमा ।

४)अपाङ्गता परिचयपत्र नविकरण सम्बन्धमा ।

५) आर्थिक सहायता सम्बन्धमा ।

६) विविध

निर्णयहरुः

**निर्णय नं. १:** आर्थिक वर्ष २०८०।०८१ को नीति तथा कार्यक्रम सम्बन्धमा छलफल हुँदा आ.व. २०८०।०८१ को नीति तथा कार्यक्रम छलफलका लागि पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २:** बागचौर नगरपालिका नगर शिक्षा नियमावली २०८० सम्बन्धमा छलफल हुँदा संशोधन सहित पारितको लागि आगामी कार्यापालिकमा समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३:** नगर अनुदान शिक्षक व्यवस्थापन कार्यविधि २०८० सम्बन्धमा छलफल हुँदा संशोधन सहित पारितको लागि आगामी कार्यपालिकामा समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४:** यस बागचौर नगरपालिकाको अपाङ्ता परिचयपत्र वितरण सम्बन्धि बागचौर नगरपालिका समन्वय समितिको मिति २०८०।०२।०८ गतेको वैठकको निर्णय नं. १ लाई अनुमोदन गर्दै यस बागचौर नगरपालिका साविक महिला तथा बालबालिका कार्यालय र महिला बालबालिका तथा जेष्ठ नागरिक शाखाबाट प्राप्त गरेका सम्पुर्ण अपांगता परिचयपत्र नविकरणका लागि सूचना आह्वान गर्ने र नविकरण नगर्ने लाभग्राहीहरुको सामाजिक सुरक्षा भत्ता निकासा नगर्न निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ५:** यस बागचौर नगरपालिका वडा नं. ७ सुन्दरचौर बस्ने खगेन्द्र खड्काको निवेदन अनुसार निजको घर नजिकै गाईबस्तु बाध्ने गोठमा एक्कासी आगलागी हुँदा सो गोठमा १ वटा गाई, १ वटा बाछा र १

CamScanner

वटा भेसी घटनास्थलमै मृत्यू भएको र निजको आर्थिक अवस्था पनि निकै कमजोर भएकोले राहत स्वरुप रु २५ हजार प्रदान गर्ने निर्णय गरियो ।

साथै तपसिल बमोजिमकको घरपरिवारलाई आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।

| क्र.स. | नाम थर | ठेगाना | कारण | राहत रकम रु. |
|---|---|---|---|---|
| १ | मदन घर्ती | बानपा ७ | बंगुरका पाठापाठी मरेको | २५०००।- |
| २ | मेर मान बि.क. | बानपा ८ | क्रिया खर्च | १५०००।- |
| ३ | राम बहादुर डाँगी | बानपा ७ | छोराको क्रिया खर्च | १५०००।- |
| ४ | दिल बहादुर खत्री | बानपा १ | उपचार खर्च | १५०००।- |
| ५ | गोपे कामी | बानपा ८ | आगलागी | १५०००।- |
| ६ | दिल बहादुर खत्री | बानपा ८ | आगलागी | १५०००।- |
| ७ | रेवता बस्नेत | बानपा ४ | घर आगलागी | १५०००।- |
| ८ | रेलमान गिरी | बानपा १० | घर आगलागी | १५०००।- |

**निर्णय नं. ६** सल्यान जिल्लाको सदरमुकाम खलङ्गामा मात्र नापी तथा मालपोत कार्यालय रहेका कारण बागचौर नगरपालिका लगायत दार्मा गाउँपालिका कुमाख गाउँपालिका सिद्दकुमाख गाउँपालिका समेतलाई पाएक पर्ने गरी बागचौर नगरपालिकमा नापी तथा मालपोत कार्यालय स्थापना गर्न श्री भुमी व्यवस्था, सहकारी तथा गरिबि मन्त्रालयलाई पत्राचार गरेकोमा यस बागचौर नगरपालिकामा नापी तथा मालपोत कार्यालय स्थापनमा भएमा सो को लागि लाग्ने व्यवस्थापन खर्च नगरपालिकाले वहोर्नु सर्वसम्मत निर्णय गरियो ।

CamScanner